# मध्यविन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चोरमारा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

## औषधि आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सुचना: नं.१ /०७५/०७६

**(प्रथम पटक सूचना प्रकाशन मिति २०७५/०९/२२)**

१. यस कार्यालयका लागि विभिन्न औषधि जन्य सामाग्री खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी फर्म संस्थाहरुबाट निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

२. दरभाउपत्र खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले आवेदन सहित यस मध्यविन्दु नगपालिकाको कार्यालय, चोरमारामा रु १,०००।- (फिर्ता नहुन गरी) बुझाई, अध्यावधिक नविकरण गरिएका औषधि व्यवस्था विभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं., आ.व. २०७४/७५ को कर चुक्ताको प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपिहरु संलग्न राखी दरभाउपत्र २०७५।१०।०६ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् र नोटरी पब्लिकबाट प्रमाणित नभएका र नबिकरण सम्बन्धि अध्यावधिक नभएका कागजात पेश भएमा मूल्याकनमा समावेश गरिने छैन ।

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ रु. ५०,०००।- (पचास हजार मात्र) दरभाउपत्र खोलिने २०७५।१०।०७ गणना हुनेगरी ७५ दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट “क” वर्गाको इजाजत प्रापत वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा मध्यविन्दु नगरपालिका, चोरमाराको रा.वा. बैंकको, कावासोती स्थित धरौटी खाता नं.३२००३०३००७१०३ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ संलगन गर्नुपर्नेछ ।

४. दरभाउपत्रहरु मिति २०७५।१०।०६ गते भित्र खरिद गरि मिति २०७५।१०।०७ दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

५. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

६. औषधी सप्लाई गर्दा WHO GMP Certified Company हरुबाट उत्पादित औषधिहरु मात्र दिनु पर्नेछ र प्रत्येक औषधीको बाहिर “नि:शुल्क विवरणको लागि” छाप लगाएको हुनुपर्नेछ र औषधी दाखिला गर्ने मितिबाट औषधीको म्याद समाप्त हुने अवधि न्यूनतम १८ महिन भएको हुनुपर्नेछ ।

७. बोतलमा प्याकिङ्ग हुने औषधिहरु सबै प्लाष्टिकको बोतलमा हुनु पर्नेछ ।

८. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. बिस्तृत जानकारीको लागि मध्यविन्दु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चोरमारा को फोन नं. ०७८-४१०१२४ वा ९८५७०४०१५२ मा सम्पर्क गर्न सकिनेछ । तथा कार्यालयकोWebsite:madhyabindumun.gov.np मा समेत हुर्न सकिनेछ ।

...श्याम गाह...
...खा अधिकृत